# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २६. अकं ३, साउन/भदौ २०७७ July/Aug 2020


## उवासंघ-चितवन र बैंकर्स विच छलफल, मौद्रिक नीति लागु गर्न अनुरोध

उद्योग वाणिज्य संघ-चितवनले साउन २८ गते एक कार्यक्रमको आयोजना गरि भरतपुर स्थित विभिन्न बैंकहरुका शाखा प्रबन्धकहरु संग छलफल एवम् अन्तरक्रिया सम्पन्न गरेको छ। संघको सभाहलमा भौतिक दुरी कायम गरि गरिएको छलफल कार्यक्रममा संघका अध्यक्ष राजु श्रेष्ठले नेपाल राष्ट्रबैंकले मौद्रिक नीति लागु गरिसके पश्चात पनि कतिपय बैंक तथा वित्तिय संस्थाहरुले ऋणी व्यवसायीको घर दैलोमानै पुगि वक्यौता रकम असुल गर्ने,नवीकरण शुल्क असुल गर्ने लगायत व्यवसायीलाई मानसीक तनाव दिने जस्ता कार्य गरेको पाईएकोले यस्तो कार्य तत्काल रोक्नुपर्ने बताउनु भयो। कार्यक्रममा अध्यक्ष श्रेष्ठले कोरोनाका कारण मुख्य गरि पर्यटन, कृषि तथा सेवामुलक व्यवसायीहरु मारमा परेकोले बैंकहरुले हदै सम्मको लचकता अपनाई व्यवसाय मात्र होईन मानवीय सेवा भाव पनि प्रदर्शन गर्नुपर्ने बताउनु भयो। सोही कार्यक्रममा सहभागिहरुले कतिपय कुराहरु आ-आफ्नो बैंकको नीतिगत व्यवस्थाका कारण पनि नचाहंदा नचाहंदै पनि गर्नुपरेको बताएका थिए। कार्यक्रममा सहभागिहरुले चितवनमा देखिएको बैंक र व्यवसायीको समस्या समाधान गर्नका लागि आफु तत्पर रहेको र सोको वारेमा उपल्लो निकायमा जानकारी गराउदै मौद्रिक नीति बमोजिम कार्य गर्नका लागि समन्वय गरि प्रयत्नसील रहने प्रतिवद्धता समेत व्यक्त गरेका थिए। सोहि कार्यक्रममा सहभागिहरुले हाल कोरोना संक्रमण दिनानुनिद बढ्दै गइरहेकोले बैंकमा सेवाग्राहीको समेत भिडभाड रहने हुंदा बैंकका कर्मचारीमा पनि कोरोना संक्रमण हुन सक्ने भएकोले बैंकका कर्मचारीको कोरोना परिक्षण हुने व्यवस्थाका लागि उद्योग वाणिज्य संघ-चितवनलाई सम्बन्धित निकायमा पहल



गरिदिन अनुरोध गरेका थिए। बैंकका कतिपय क्रियाकलापलहरु समय सान्दर्भिक नभएकोले गर्दा व्यवसायीहरु हतोत्साहित हुनेगरेको जानकारी संघलाई प्राप्त भएकोले छलफल कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा भरतपुर स्थित विभिन्न बैंकका शाखा प्रबन्धक, प्रदेश ३ का बैंक प्रमुखहरु लगायतको सहभागिता रहेको थियो।

## अध्यक्ष श्रेष्ठ र पर्यटन मन्त्री वीच भेटघाट एवम् छलफल कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईलाई २०७७ साउन २२ गते मन्त्रालयमा भेटघाट गर्नुभएको छ। भरतपुर महानगर पालिका वडा नं. १ स्थित नारायणी नदी किनारको बृहत्तर विकास एवम् कोभिड १९ का कारण पर्यटन क्षेत्रमा परेको असरका वारेमा छलफल भएको अध्यक्ष श्रेष्ठले बताउनु भयो। भेटघाट कार्यक्रममा अध्यक्ष श्रेष्ठले नारायणी नदी किनारको गुरुयोजनाको वारेमा तय गरिएको प्रस्तावन पेश गरि आवस्यक रकम विनियोजनका लागि अनुरोध गर्नुभएको थियो भने मन्त्रीज्यूबाट रकम विनियोजन गर्ने बताउनु भएको थियो। सोही अवसरमा अध्यक्ष श्रेष्ठ र माननीय गृहमन्त्री रामवहादुर थापा बादल, नेउवामहासंघका अध्यक्ष भवानी राणा संग भेटघाट गर्नुभएको थियो।




(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality



प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**

राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरु**

अशोक अधिकारी, अरूण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्धार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)
कार्यकारी निर्देशक

**ले-आउट / डिजाइन**

सन्देश पौडेल
सूचना प्रविधि अधिकृत

# नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीतिले गरेको व्यवस्थाका मुख्य बुंदाहरु - मौद्रिक निति २०७७/२०७८

१. मुद्रास्फीति औसत ७% भित्र सीमित राख्ने लक्ष्य ।

२. ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य ।

३. नितीगत दरहरु: स्थायी तरलता सुविधा दर ५%, ३% अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात १०%, ८% र ७%, बैंकदरलाई ५% तथावत ।

४. वाणिज्य बैंकले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको न्यूनतम १५% कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने ।

५. व्याबसायीक फलफुल खेतीको लागि लिएको कर्जामा पहिलो वर्ष ०.२% र दोस्रो वर्ष ०.६% मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरे पुग्ने ।

६. कृषि विकास बैंकले कृषि ऋणपत्र जारी गर्ने ।

७. "किसान क्रेडिट कार्ड" को व्यवस्था ।

८. वाणिज्य बैंकहरुले २०८१ असार मसान्तसम्म आफ्नो कुल कर्जा लगानीको न्यूनतम १०% उर्जा क्षेत्रमा लगानी गर्नुपर्ने ।

९. वाणिज्य बैंकहरुले उर्जा ऋणपत्र जारी गर्नसक्ने ।

१०. जलाशययुक्त जलविद्युत आयोजना विद्युतआयोजना निर्माण गरी विद्युत निर्यात गर्न शुरु गरेमा निर्यात शुरु गरेको छ वर्षसम्म बैंक तथा वित्तीय संस्थाले उक्त परियोजनालाई आधार दरमा १% मात्र थप गरी कर्जा प्राप्त हुन सक्ने ।

११. सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम, निजी आवासीय आवास कर्जा FMV को ६०% सम्म ।

१२. मार्जिन प्रकृतिको कर्जा सिमा ७०% र १२० दिनको अन्तिम मूल्यको औसत मूल्य लिईने ।

१३. पुर्नकर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुर्नकर्जा उपलब्ध गराउने र पुर्नकर्जा को सिमा बढाउने अनी व्यबस्थापन सहज बनाउने ।

१४. कोभिड-१९ बाट अति प्रभावित उद्योग-व्यवसाय सुचारु गर्न चालु पुँजी कर्जाको सीमामा बढीमा २० प्रतिशतसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थालेथप कर्जा प्रवाह गर्न सक्ने ।

१५. कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि चालिएका कदमको कारण पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार, मनोरञ्जन लगायत सबै पेशा, उद्योग र व्यवसायले लिएको ऋणको साँवा र ब्याज बन्दाबन्दीको अवधिमा भुक्तानी गर्न कठिनाइ भएको अवस्थालाई दृष्टिगत गरी कर्जा भुक्तानी अवधिको म्याद थप र कर्जाको पुर्नसंरचना तथा पुर्नतालिकीकरणको व्यवस्था गरिनेछ ।

१६. २०७७ असार महिनासम्म भुक्तानी अवधि भएका डिमाण्ड लोन, क्यास क्रेडिट कर्जा २०७७ पुस मसान्तसम्म भुक्तानी गर्न सकिनेगरी नवीकरण गर्न सक्ने।

१७. कोभिड-१९ बाट प्रभावित भएको पेशा,व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्मको साँवाको किस्ता र ब्याज रकमलाई प्रभाव हेरी २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न सक्ने ।

१८. २०७८ पुस मसान्तमा सक्रिय वर्गमा रहेका कर्जालाई कर्जा पुर्नसंरचना तथा पुर्नतालिकीकरण गर्न सक्ने ।

१९. अति प्रभावित क्षेत्रका परियोजनामा प्रवाह भएको कर्जालाई पुर्नसंरचना तथा पुर्नतालिकीकरण मार्फत पुनरुत्थान गर्न पर्याप्त नभएमा आवश्यकता अनुसार सम्बन्धित निकायहरुसँग समन्वय गरी Private Equity, Venture Capital, Debt Equity Conversion, Special Purpose Vehicle लगायतका माध्यमबाट पुर्नसंरचना गर्न सकिने व्यवस्था मिलाइने । Private Equity, Debt Equity Conversion, Special Purpose Vehicle मा गरिएको बैंक तथा वित्तीय संस्थाको लगानीलाई पुँजीकोष गणना गर्दा घटाउनु नपर्ने व्यवस्था मिलाइने ।

२०. कोभिड-१९ को कारण ग्रेस अवधि भित्र उद्योग वा परियोजनाको निर्माण सम्पन्न र संचालन हुन नसकेको अवस्थामा पर्यटक स्तरीय होटलको हकमा अधिकतम २ वर्ष ग्रेस अवधि थप गर्न सकिने ।

२१. वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियालाई केहि सहुलीयत सहित थप प्रोत्साहित गरिने ।

२२. वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनहरुलाई आवश्यकता अनुसार समसामयिक बनाउन बैकिङ्ग कसुर ऐन, २०६४ र विनिमेय अधिकार पत्र ऐन, २०३४ को संशोधन प्रस्ताव नेपाल सरकार समक्ष पेश गरिने ।

२३. CCD Ratio यो आ.ब. लाई ८५% बनाउने ।

२४. बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७६-७७ को खुद वितरणयोग्य मुनाफाको ३०% सम्म (संस्थाको २०७७ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदर भन्दा बढी नहुनेगरी) मात्र नगद लाभांस घोषणा तथा वितरण गर्न पाउने व्यवस्था गरिने।

२५. आर्थिक वर्ष समाप्त भएको ९० दिन भित्र नगदमा असुल भएको ब्याज रकमलाई नियामकीय कोषमा सार्नं नपर्ने ।

२६. ऋणपत्र जारी गरिसक्नु पर्ने समयावधि २०७९ असार मसान्त कायम गरिने ।

२७. Countercyclical Buffer को व्यवस्था स्थगन गर्ने ।

२८. २०७६ पुस मसान्तमा असल वर्गमा रहेका कर्जालाई २०७७ असार मसान्तमा समेत असल वर्गमा नै वर्गीकरण गर्न तर २०७७ असार मसान्तसम्मको साँवा र ब्याज असुल हुन नसकेको अवस्थामा त्यस्ता कर्जाको लागि आर्थिक वर्ष २०७६-७७ को हिसावमा ५% कर्जा नो क्सानी व्यवस्था कायम गर्नं पर्नेछ ।

२९. लघुवित्त वित्तीय संस्थाहरुको ईजाजत दिने कार्य स्थगन गरिएको छ । साथै, इजाजतको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरुको इजाजत प्रक्रिया समेत रद्द ।

३०. भुक्तानी सेवा प्रदायक को रुपमा अनुमति पाएका संस्थाले २०७८ असार मसान्तसम्ममा कम्तीमा ३ लाख ग्राहक नपुर्याएमा र मासिक औसत कारोबार संख्या कम्तिमा ६ लाख नपुगेमा त्यस्ता संस्थाको अनुमति खारेज गर्न ।

३१. प्रतीतपत्रको भुक्तानीलाई सहजीकरण गर्न आवश्यकता अनुसार Sight LC लाई deferred payment हुनेगरी विदेशी बैंकहरुबाट discount गराउन सकिने व्यवस्था गरिने ।

३२. Ussance LC अबधि १८० दिन कायम गरिने ।

३३. विदेशी मुद्राको लगानीमा हुन सक्ने विनिमय जोखिम न्यूनीकरण गर्न विशिष्टिकृत संस्था मार्फत व्यवसायिक रुपमा हेजिङ्ग सम्बन्धी कार्य गर्न प्रोत्साहित गरिने ।

३४. संस्थागत सुशासन सम्बन्धी निर्देशनको अनुपालनामा शून्य सहनशिलता अपनाइने ।

३५. बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदस्थ कर्मचारीको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्थामा पुर्न अवलोकन गरिनेछ । त्यसैगरी, सञ्चालक समितिको वैठक भत्ता तथा सुविधा निर्धारण सम्बन्धमा मापदण्ड तर्जूमा गरिने ।

३६. वाणिज्य बैंक, विकास वैंक, वित्त कम्पनी र लघु वित्त वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्क वापत क्रमशः अधिकतम ०.७५%, १%, १.२५%, र १.१५% सम्म मात्र लिन पाउने व्यवस्था गरिने ।

३७. कोभिड १९ को कारणले साँवा वा व्याजको भुक्तानी म्याद थप गरेवापत ग्राहकबाट पेनाल ब्याज, शुल्क वा हर्जाना लिन नपाइने व्यवस्था गरिने ।

३८. बैंक तथा वित्तीय संस्थाका ATM कारोबार बीच अन्तरआवद्धता हुने व्यवस्था गरिने । कोभिड १९ को असर रहेसम्मको लागि एक संस्थाको ATM कार्ड अर्को संस्थाको ATM मा प्रयोग गरेमा शुल्क नलाग्ने व्यवस्था मिलाइने छ ।

३९. बिप्रेषण आय औपचारीक माध्यामबाट आउन प्रोत्साहन गरिने ।

४०. Draft TT बाट आयातको सिमा USD 35,000 बराबर गर्ने ।

४१. बैदेशिक लगानीमा रहेका पुर्वाधार सम्बन्धीत आयोजनाले बैदेशिक ऋृण लीन सक्ने ।

४२. आयातसंग सम्बन्धीत ईन्सोरेन्स र ढुवानी सेवामा नेपाली कम्पनीलाई प्रोत्साहित गर्ने ।

# सिद्धार्थ उवासं र उवासंघ-चितवन विच भेटघाट एवम् छलफल कार्यक्रम

उद्योगी व्यवसायीको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको आसन्न ५४ औं वार्षिक साधारण सभामा हुन लागे को निर्बाचन कार्यक्रम लगायत वर्तमान व्यवसायीक अवस्थाका वारेमा संघको सचिवालयमा साउन १५ गतेका दिन एक छलफल कार्यक्रम सम्पन्न भएकोछ । छलफल कार्यक्रममा संघका अध्यक्ष राजु श्रेष्ठले अव आउने महासंघको नेतृत्वले बर्तमान क्षतविक्षत भएको व्यवसायीक वातावरणलाई सुधारोन्मुख गराउनुका साथसाथै व्यवसायीका समस्यालाई सम्बोधन गर्न सक्ने खालको हुनुपर्ने बताउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले कोभिड १९ का कारण गरिएको बन्दाबन्दीको कारण सिर्जित असहज परिस्थिति र कोभिड १९ पश्चातको व्यवसायीक वातावरणको वारेमा सम्पूर्ण उद्यमी व्यवसायीले साझा अवधारणा तय गरि आर्थिक गतिविधिलाई सुचारु बनाउनुपर्नेमा जोड दिनुभयो । भेटघाट कार्यक्रममा संघका अध्यक्ष राजु श्रेष्ठले आगामी निर्वाचनमा उवासंघ चितवनका पूर्व अध्यक्ष उत्तमलाल चुके र प्रदेशतर्फबाट निबर्तमान अध्यक्ष सहनलाल प्रधानज्यूले निर्बाचनमा सहभागिता जनाउन लाग्नुभएकोले आफ्नो ठाउंबाट सहयोग गर्न अपिल गर्नुभएको थियो । छलफल कार्यक्रममा बो ल्दै सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष कुल प्रसाद न्यौपानेले सम्पूर्ण जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको संगठानात्मक ऐक्यवद्धता सहित अगाडी बढ्नु पर्नेमा जोड दिनु भयो । उहांले आगामी दिनहरु अझ भयानक रहने भन्दै कोभिड १९ पछिको वातावरणलाई अनुमान गर्दै आगढी बढ्नुपर्ने बताउनु भयो । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष कुल प्रसाद न्यौपानेको नेतृत्वमा आएको टोलीमा सिद्धार्थ उवासंघका पूर्वअध्यक्ष महेन्द्र कुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष भिष्म न्यौपाने लगायतको सहभागिता रहेको थियो । यसै गरि कार्यक्रममा उवासंघ-चितवनका पूर्वअध्यक्ष उत्तमलाल चुके, कल्याण जोशी , निबर्तमान अध्यक्ष सहनलाल प्रधान, कासस नारायण प्रधान लगायतको सहभागिता रहेको थियो ।





लक डाउन खुकुलो पारिएकोछ तर

मास्क खुकुलो नपारौं ।
शारीरिक दुरी कायम राखौं ।
सेनिटाइजरको प्रयोग नछाडौं ।
कोरोना जीवित छ, लापरबाही नगरौं ।
साबुन पानीले हात धुने बानि नत्यागौं ।
अनावश्यक भिड भाड तथा अस्पताल धाउने नगरौं ।

COVID-19
CORONAVIRUS

# संघको सर्भेलियन्स अडिट सम्पन्न

उद्योग वाणिज्य संघ - चितवनको सर्भेलियन्स अडिट सम्मन्न भएको छ । २०७७ साउन २६ गतेका दिन भअर्चुअल पद्धतीबाट संघको सर्भेलियन्स अडिट सम्पन्न भएको हो । उद्योग वाणिज्य संघ चितवन गुणस्तर व्यवस्थापन पद्धती आई.एस.ओ. ९००१:२०१५ बाट प्रमाणित भए पश्चात यो अडिट सम्पन्न भएको हो । Quality Austrial, NATCAM का अडिटर निर्वेक श्रेष्ठद्वारा अडिट गर्ने कार्य भएको हो । अडिट कार्यक्रममा संघका अध्यक्ष राजु श्रेष्ठ, पदाधिकारी र संघका कार्यकारी निर्देशक निलबहादुर केसीको सहभागिता रहेको थियो ।

# चितवनका नीजि क्षेत्राको तर्फबाट ज्ञापन पत्र हस्तान्तरण

स्थानिय प्रशासनद्धारा लागु गरिएको निषेधाज्ञा सहितको लकडाउनलाई वैज्ञानिक र खुकुलो बनाउनका लागि अपिल गर्दै चितवनका नीजि क्षेत्रका व्यवसायीक संगठनहरुले संयुक्त रुपमा जिल्ला प्रशासन कार्यालयलाई २०७७ भाद्र १४ गतेका दिन ज्ञापन पत्र बुझाएका हुन् । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठको नेतृत्वमा गएको व्यवसायीको टोलीले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको हो । उक्त ज्ञापन पत्रमा निम्नानुसारका मागहरु राखिएको थियो ।

सुभावहरुः

१. संक्रमण रोकथामका लागि वैकल्पिक उपायको प्रयोग गरी मिति २०७७ साल भाद्र १५ गते देखि निषेधाज्ञा सहितको लकडाउन हटाउनुपर्ने ।

२. बैकं तथा वित्तिय संस्थाहरुबाट प्रवाह गरिने सेवाका प्रकृतिका आधारमा सिट निर्धारण गरी आधा/आधा कर्मचारीबाट विहान ७ बजे सम्म सञ्चालन गर्ने र भिडभाडका कारण सेवाप्रवाहका क्रममा हुन सक्ने संक्रमणको जोखिम क मगर्न सेवाग्राहीलाइ SMS मार्फत जारी सुचनाका आधारमा मात्रै जान पाउने व्यवस्था गर्नुपर्ने र E- Banking लाई प्रोत्साहन गर्नुपर्ने ।

३. सम्बन्धित उद्योगको पत्र रउद्योग, व्यवसायले जारी गरेको परिचयपत्रको आधारमा उद्योग, व्यवसायका कामको सिलसिलामा कामदारहरु दुईपाङ्ग्रे साधानमा १ जनामात्र र ४ पाङ्ग्रे साधानमा चालक सहित अधिकतम २ जना सम्म पुर्ण स्वास्थ्य सतर्कताका साथ आवतजावत गर्न सक्ने व्यवस्थ गर्नुपर्ने । सबै उद्योगहरुले कामदारहरुलाई अनिवार्य उद्योगको क्वारेन्टिनमा राख्नुपर्ने व्यवस्था हटाउनुपर्ने ।

४. होटल तथा रेष्टुरेन्टबाट टेक वे तथा होम डेलीभरी सेवामात्र दिने गरी सञ्चालन गर्ने र सुविधा सम्पन्न होटलहरुलाई आवश्यकता अनुसार सशुल्क क्वारेन्टिन र आइसोलेशनको रुपमा प्रयोग गर्न सक्ने व्यवस्थाका लागि प्रोत्साहन गर्नुपर्ने ।

५. भिडभाड नहुने गरी पुर्ण स्वास्थ्य सर्तकताका साथ व्यवसाय सञ्चालन गर्न सम्बन्धित व्यवसायिलाई सचेत गराएर सबै व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्ने साथै निर्माणजन्य उद्योग व्यवसायहरु सञ्चालनको व्यवस्था गर्नुपर्ने ।

६. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सत्र खेर जान नदिन यथासम्भव वैकल्पित शिक्षण विधिहरुको प्रयोग गर्ने र यसलाई राज्यले औपचारिक मान्यता प्रदान गर्ने, सिकाई मुल्याङ्कन सँग जनेडने, संस्थागत विद्यालयलाई विद्यार्थी भर्ना गरी मासिक शसुल्क उठाउन अनुमति दिनेर संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुको निजी श्रोतमा कार्यरत शिक्षक कर्मचारीहरुको रोजीरोटी गुम्न नदिन संयुक्त पहल

....बाँकी ७ नं पेजमा




Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 520018
– 525512
– 522145
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
Outdoor Physical Fitness facility with equipment in peaceful environment.
"A Home After Your Home"

बाँकी...

गर्नुपर्ने । कक्षा ११ र १२ को परीक्षा विद्यालयले व्यवस्थापन गर्न जिम्मा दिने ।

७. लकडाउन थालीएको १ हप्ताको अवधि पश्चात् तत्कालिन परिस्थितिको समिक्षा गर्दै सार्वजनिक यातायातको हकमा नेपाल सरकारद्धारा यस अघि तोकीएको मापदण्ड बमोजिम न्युन क्षमतामा मात्र सञ्चालन गर्ने र अन्य क्षेत्रहरु पनि क्रमशः खोल्दै जानुपर्ने ।

साथै, विगतका दिनहरुमा आइपरेका विभिन्न विपत्तिहरुमा निजी क्षेत्रकातर्फबाट दिइएका सुभावहरुले प्राथमिकता पाउने गरेको र समस्या समाधानमा पुर्ण सहकार्य हुने गरेको अभ्यास र अनुभवलाई पुनः स्मरण गर्दै वर्तवान विषम परिस्थितिमा पनि लकडाउनको वैकल्पित उपायको प्रयोग गरी अविछिन्न लकडाउनका कारण सिर्जना हुन सक्नेभयावह परिस्थिति र आम जनसमुदायको भावना नियन्त्रण वाहिर जान सक्ने सम्भावना प्रति पनि राजनीतीक दलहरु, स्थानीय रसकार, जनप्रतिनिधिहरु, स्थनीय प्रशासन, सञ्चारकर्मी लगायत सम्वद्ध सवै पक्षहरुलाई गम्भिर भइदिन अनुरोध गर्दछौं ।

## नारायणगढ बजारको मिति २०७७ भदौ २४ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४१०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४०५० |
| ३. साना मंसुली | प्रति क्वि. | - |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३५०० |
| ५. धान मोटो नया | प्रति क्वि | १९००-२२०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ७००० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ६८०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५ |
| ९. मकै | प्रति क्वि. | २२०० |
| १०. गहुँ | प्रति क्वि. | ३६०० |
| ११. कोदो | प्रति क्वि. | - |
| १२. फापर | प्रति क्वि. | |
| १३. चना | प्रति के.जी. | ९८ |
| १४. केराउ | प्रति के.जी. | ५५ |
| १५. भटमास | प्रति के.जी. | ८० |
| १६. रहर दाल | प्रति के.जी. | १४५ |
| १७. मसुरी दाल | प्रति के.जी. | ११० |
| १८. मासको दाल | प्रति के.जी. | १४० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १३५ |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ६५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ६५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ५७ |
| २१. प्याज | प्रति के.जी. | ५० |
| २२. तोरीको तेल | प्रति १० ली. | १६०० |
| २३. भटमासको टेल | प्रति १० ली. | १५२० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | - |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ३५० |
| २७. मरिच | प्रति के.जी. | ६०० |
| २८. धनियाँ | प्रति के.जी. | १७५ |
| २९. क. सुन | प्रति तोला | ९५८०२ |
| ख. चाँदी | प्रति तोला | ११२३ |
| ३०. कर्कट पाता | | |
| क. २८ गेज | प्रति वण्डल | ७३७५ |
| ख. ३९ एम एम | प्रति वण्डल | १०१७० |
| ३१. छड | | |
| क. ८ मि.मि. | प्रति के.जी | ७९.५० |
| ख. १० मि.मि. | प्रति के.जी | ७६ |
| ख. १२ मि.मि. | प्रति के.जी | ७६ |
| ग. १६ मि.मि. | प्रति के.जी | ७६ |
| ३२. सिमेन्ट | | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७६० |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६३० |
| ग. रिलायन्स | प्रति बोरा | - |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | २५० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | १८० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | - |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ७०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ३३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ७५ |
| ख. दही | प्रति लि. | १०० |
| ग. पनिर | प्रति के.जी. | ७०० |
| घ. क्रिम | प्रति लि. | |
| ङ. वटर | प्रति के.जी. | - |
| च. घ्यू | प्रति के.जी. | १००० |

**पाठक वर्गमा अनुरोध**

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

........................................................................

........................................................................

........................................................................

........................................................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०